नेपाल राष्ट्र बैंक

जनकपुर कार्यालय

# सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७६।१०।०८**

यस कार्यालयको देहाय बमोजिमका सामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र खरिद गरी ९ औं दिन दिउँसो १२ बजे भित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**विवरण:**

| समुह | लिलाम हुने मालसमान | न्युनतम मूल्य (रु.) मू.अ.कर सहित |
|---|---|---|
| (क) | जेनेरेटर | २,५०,०००।०० |
| | अक्षरेपी : रु. दुई लाख पचास हजार रुपैंया मात्र । | |

१. लिलाम सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति:
   - क) स्थान: नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालय ।
   - ख) समय: दिउँसो २:०० बजे
   - ग) मिति: २०७६।१०।१६

२. बोलपत्रका साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको स.के. हिसाब नं. १६०९९९९-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।

४. बोलपत्र फाराम रु ५००।- (फिर्ता नहुने गरी) बुझाई यस बैंकको जनकपुर कार्यालयबाट ८ औं दिनको ३ तीन बजे भित्र लिन सकिनेछ । उक्त रकम यस बैंकको ना.नो.आ.हि. फुटकर हिसाब नं. १६०००००-०३०-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. लिलाम हुने सामानको विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

६. लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको), स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक

जनकपुर कार्यालय